प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १६ औं वार्षिकोत्सव

**जाडो मौसममा चिसोवाट वचौं**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- वालवालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- वढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २७६ ॥ २०८१ मंसिर ११ गते मंगलबार (26th Nov 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# सताक्षीधाममा गोरक्षा महोत्सवको भव्य तयारी

## ५१ फिट अग्लो शिवलिङ्ग मुख्य आकर्षण



• **विनोद सापकोटा**

झिलझिले ।झापाको सताक्षीधाममा मंसिर १४ गतेदेखि सुरु हुने गोरक्षा महोत्सवको भव्य तयारी भइरहेको छ । यो वर्ष सवा करोड रुद्राक्षजडित ५१ फिट अग्लो शिवलिङ्ग महोत्सवको मुख्य आकर्षण हुने आयोजक गोलोक गोवर्धन गौशालाले जनाएको छ। गोरक्षा महोत्सवको तयारीलगायतका विषयमा जानकारी दिने उद्देश्यले गौशाला परिसरमा सोमबार आयोजित पत्रकार भेटघाटमा गौशालाका संरक्षकसमेत रहेका अध्यक्ष नन्दकिशोरजी महाराजले महोत्सवको तयारी धमाधम भइरहेको जानकारी दिए। महोत्सवमा पञ्चकुण्डीय श्रीरुद्र महायज्ञ, श्रीतुलसी-शालिग्राम, श्री सीता-राम विवाह तथा लिंग महापुराण कथा प्रवचन हुने जनाइएको छ ।

सवा करोड रुद्धाक्षदानाको शिवलिङ्ग धमाधम निर्माण भइरहेको छ । यो सबै पूर्वपश्चिम राजमार्गमा स्वागतद्वारहरू निर्माण भएका छन् ।

गौशालाका संरक्षक तथा अध्यक्ष आचार्य भारतद्वाजले मंसिर १४ गते अखण्ड हरिनाम संकीर्तन प्रारम्भ, १५ गते बालचतुर्दशी उत्सव सतबीउ रोपण, १६ गते बिद्वत सम्मेलन तथा भण्डारा, १७ गते अनुष्ठान प्रारम्भ, पञ्चकुन्डीय श्री रुद्र महायज्ञ तथा ५१ फिट अग्लो रुद्राक्षको पार्थिव शिवलिंगमा बिशेष अर्चना, रुद्री पाठ तथा श्रीलिंग महापुराण प्रारम्भ हुने बताए ।

यसैगरी मंसिर १८ गतेदेखि नियमित पञ्चकुण्डीय महायज्ञ तथा रुद्रीपाठ एवं श्री लिङ्ग महापुराण प्रवचन, २० गते झापाका सामुदायिक बिद्यालयका छात्रहरुबाट गोरक्षाको आवश्यकतामाथि प्रतिस्पर्धात्मक विचार गोष्ठी, २१ गते विवाह पञ्चमी, श्री सिताराम, तुलसी शालिग्राम विवाह महोत्सव, २२ गते कनकाई मातामा दुग्धाभिषेक, २३ गते नेपाल प्रहरी तथा उत्कृष्ट गौसेवक सम्मान र २४ गते गोरक्षा महोत्सवसहित धार्मिक कार्यक्रम हुनेछ ।

लिङ्ग महापराण कथा प्रवचक विद्वत्वरेण्य आचार्य पं. लक्ष्मीप्रसाद खतिवडा र पाठपारायण आचार्य पं. मदनमोहन अधिकारी रहने बताइएको छ ।

दशौं वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रममा करिब एक करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको छ। दक्षिण एसियाली मुलुकलगायत युरोपियन मुलुकमा बसोबास

❖ बाँकी अन्तिम पृष्ठमा

# पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउने



झापा(प्रस) । मानव तस्करीको आरोपमा पक्राउ परेका कोशी प्रदेशका पूर्वमन्त्री तथा प्रदेश सभा सदस्य लिलाबल्लभ अधिकारीविरुद्ध काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको छ ।

जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका प्रमुख सन्देश श्रेष्ठका अनुसार विभिन्न ९ आधारमा अधिकारीलाई मुद्दा नचलाउने निर्णय गरिएको हो । 'प्रतिवादी लिलाबल्लभ अधिकारी स्वयंले जापानको नारिता विमानस्थलबाट घटनाको सम्बन्धमा नेपाल प्रहरीहरूलाई जानकारी दिएको । जापान सरकारले अन्य प्रतिवादीहरुलाई एक्सक्लुजन अर्डरबाट डिपोर्ट गरेकोमा निज लिलाबल्लभ अधिकारीको हकमा निज स्वयंले अनुरोध गरी फिर्ता भई आएको देखिएको' ले मुद्दा नचल्ने आधार स्पष्ट हुने सरकारी वकिल कार्यालयको निर्णय छ ।

त्यस्तै, अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा अधिकारीको संलग्नता सम्बन्धमा केही नबोलेको, अधिकारीले आरोपित कसूरमा इन्कार रही बयान गरेको, तत्काल पक्राउ परेका प्रतिवादीहरु महेश पाण्डेसमेतको बयान व्यहोरामा पनि अधिकारीको नाम नरहेको सरकारी वकिल कार्यालयको निर्णयमा उल्लेख छ ।

सरकारी वकिलको कार्यालयले अधिकारीलाई मुद्दा नचलाउनुको आधारमा भनेको छ, 'मिसिल संलग्न रहेको त्रिभुवन अन्तर ष्ट्रिय विमानस्थलको सीसीटिभी फुटेजमासमेत निज एक्लै सवार भएको देखिएको । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जापान प्रस्थान भएपश्चात् महेश पाण्डेले पठाएका ह्वाट्सएप म्यासेजसमेत हेरेको नदेखिएको र निजको कल डिटेल्स हेर्दा पक्राउ परेका प्रतिवादीहरूसँग सम्पर्क भएको नदेखिएको ।' सरकारी वकिल कार्यालयले लिएको आधारमा भनिएको छ, 'जनक राईसमेतका किर्ते गरी बनाएको हस्ताक्षरसँग नमूना परीक्षण गर्दा अधिकारीको हस्ताक्षर मेलसमेत खाएको नदेखिएको । कन्चन देवकोटा समेतसँग हङ्कङको ट्रान्जिटमा गएपछि मात्र भेटघाट भएको देखिएको ।'

# बिर्तामोडमा सचेतनामुलक कार्यक्रम



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नम्बर ६ बुट्टाबारीस्थित सरस्वती माध्यमिक विद्यालयमा लागूऔषध दुर्व्यसन र मादक पदार्थ सेवनविरुद्ध सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

निर्माणाधिन बुट्टाबारी- प्याकुरेल चोक सडकखण्डको ठेकेदार कम्पनी आरपी साप समता जेभीको आयोजनामा सडकमा काम गर्ने प्राविधिक, मजदुर, शिक्षक र विद्यार्थीको सहभागितामा जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाईले लागूऔषधमा लागेर समाजमा धेरै युवाहरुले आफ्नो जीवन बर्बाद बनाएको बताइन् । उनले लागूऔषध, मादकपदार्थ तथा सूर्तीजन्य पदार्थ नियन्त्रणका लागि सबै जागरुक हुनु पर्नेमा जोड दिइन् । यस्तै नगर उप प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले अवाञ्छित क्रियाकलाप गर्ने मान्छेदेखि टाढा रहन सबैलाई सचेत गराए । बिर्तामोडमा लागूऔषधको भयाबह अवस्था रहेकोले कुनै पनि प्रकारका गतिविधि देखिए प्रहरीलाई खबर गर्न सबैलाई आग्रह गरे । यस्तै वडा नम्बर ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले लागूऔषधका कारण युवाहरु बिग्रदै गएकाले अभिभावकले निगरानी बढाउनु पर्ने बताए । उनले जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने सडकको लगानीकर्ता वर्ल्ड बैंकलाई धन्यवाद दिए ।

सहभागीहरुलाई लागूऔषध नियन्त्रण सम्बन्धी अभियन्ता सोमराज ढकालले प्रशिक्षण दिएका थिए ` । कार्यक्रममा बोल्दै बिर्तामोड नगरपालिकाका वरिष्ठ योजना अधिकृत जय तिम्सिना, आयोजनाका टिम लिडर भुवनेश्वर देबले लागूऔषध नियन्त्रणमा जोड दिएका थिए । निर्माण व्यवसायी मनोज उप्रेतीको अध्यक्षतामा आयोजित कार्यक्रममा ध्रुव उप्रेतीले स्वागत तथा बिजय तिम्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा मनकामना कलेजका ब्याचलर अफ सोसियर वर्क (बिएसडब्ल्यु)मा अध्ययनरत विद्यार्थीहरुले जनचेतनामुलक 'पेन्टोमाइम शो' प्रस्तुत गरेका थिए । कार्यक्रममा सहभागीहरुले प्लेकार्ड बोकेर र्यालीसमेत निकालेका थिए ।

# सताक्षीधाममा नेपाली सेनाले गर्यो बृहत सरसफाई



झापा(प्रस) । झापाको धार्मिक एवं पर्यटकीय स्थल सताक्षीधाममा नेपाली सेनाले सोमवार बृहत सरसफाई गरेको छ ।

सताक्षी गोरक्षा महोत्सव तथा महायज्ञको पूर्वसन्ध्यामा २१ नं बाहिनी अड्डा र अरिदमन गण चारआलीका सेनाले धाम परिसर र बाटोमा सरसफाई गरेको अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातले जानकारी दिए । सताक्षीधाम गोलोक गोवर्धन गौशाला तथा सताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिको संयुक्त आयोजनामा मंसिर १४ देखि २४ गतेसम्म महायज्ञ आयोजना हुने भएको छ ।

पञ्चकुण्डीय श्रीरुद्र महायज्ञ, श्रीतुलसी शालिग्राम, श्री सीताराम विवाह तथा लिङ्ग महापुराण कथा प्रवचन, ५१ फिट अग्लो रुद्राक्षको पार्थिव शिवलिङ्गमा विशेष अर्चना गरिने आयोजक संस्थाले जनाएको छ ।

# लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु

झापा(प्रस) । 'हामी सबैको प्रतिबद्धताः लैंगिक हिंसा अन्त्यका लागि अभियान' भन्ने राष्ट्रिय नाराका साथ ३३औं अन्तर ष्ट्रिय लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सोमवारदेखि झापामा पनि सुरु भएको छ ।



अभियानका अवसरमा सोमवार बिहान सदरमुकाम भद्रपुरमा प्रभातफेरि निकालिएको छ । जिल्ला समन्वय समितिको प्रांगणबाट शुरु भएको प्रभातफेरि ट्रेड युनियन चोक ,लेखनाथ चोक , सब्जीबजार हुँदै पुनः जिल्ला समन्वय समितिको कार्यालयमा पुगेर समापन भएको थियो । साना हात नेपाल भद्रपुरको आयोजनामा जिल्ला समन्वय समितिका प्रमुख बिश्वनाथ बरालको प्रमुख आतिथ्यमा भएको प्रभातफेरिमा सुरक्षा निकायका प्रमुख , कर्मचारी , जनप्रतिनिधिलगायत गरी करिब ८० जनाको उपस्थिति रहेको थियो । आजदेखि शुरु लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियानअन्तर्गत मंसिर २४ गतेसम्म झापामा विभिन्न कार्यक्रम गरिने भएको छ ।

त्यस्तै लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानको पहिलो दिन सोमवार मेचीनगरमा पनि प्रभातफेरि निकालिएको

❖ बाँकी अन्तिम पृष्ठमा

# परालको थुप्रोमा आगलागी हुँदा टिपर जल्यो



झापा(प्रस) । झापाको बिर्तामोड नगरपालिका -६ मा आगलागी हुँदा एउटा टिपर जलेको छ । आइतवार राति १:४० बजे बिर्तामोड नगरपालिका वडा न.६ मसाले टोल बस्ने अर्जुन थलानको परालको थुप्रोमा अचानक आगलागी हुँदा नजिकै रहेको पञ्चसेवा ग्यारेजमा मर्मत गर्न राखिएको सक्षम निर्माण सेवाको बा.०३-००१ क ०३३१ नम्बरको टिपरमा समेत आगलागी भएको थियो । आगलागीबाट टिपरको अगाडीको भाग जलेर नष्ट हुँदा १० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय बिर्तामोड र अस्थाई प्रहरी चौकी बुट्टाबारीबाट खटिएको प्रहरी टोली, स्थानीयको सहयोगमा राति २:३० बजे आगो पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



# क्यान झापाको अध्यक्षमा शुभ पाठक



झापा(प्रस) । कम्प्युटर एशोसिएसन नेपाल महासंघ (क्यान) झापा शाखाको दशौं वार्षिक साधारणसमा तथा पाँचौ अधिवेशनले क्वालिटी कम्प्युटरका निर्देशक शुभ कुमाई पाठकको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

क्यान झापाका अध्यक्ष कृष्णप्रसाद घिमिरेको अध्यक्षता तथा क्यान महासंघका केन्द्रीय अध्यक्ष रन्जितकुमार पोद्धारको प्रमुख आतिथ्यमा आइतवार बिर्तामोडमा सम्पन्न वार्षिक साधारणसभाले नयाँ नेतृत्व चयन गरेको हो । नेतृत्व चयन गर्न अधिवक्ता पवन कार्कीको संयोजकत्वमा क्यान कोशी प्रदेशका अध्यक्ष रोशन दाहाल र पूर्व केन्द्रीय सदस्य दिपेश पाठक सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो । निर्वाचन समितिले लोकनाथ खनाल (लोकप्रिय), खगेन्द्र मिश्र, बिनोद श्रेष्ठ, जेनिशा पोखरेल, योगेश राजवंशी, तोषराज ठाकुर र वाप्पा साहालाई सदस्यमा सर्वसम्मत चयन गरेको छ । यस्तै क्यान झापाको संस्थागत कार्यसमिति सदस्यमा साझामञ्च मिडियाका प्रधान सम्पादक गोपाल काफ्लेलाई चयन गरिएको छ । क्यान झापाका सचिव लोकप्रिय खनालले सञ्चालन गरेको साधारणसभामा अध्यक्षको प्रतिवेदन कृष्णप्रसाद घिमिरे, सचिवको प्रतिवेदन लोकप्रिय खनाल र कोषाध्यक्षको प्रतिवेदन विनोद श्रेष्ठले प्रस्तुत गरेका थिए ।
क्यान कोशी प्रदेशका अध्यक्ष रोशन दाहाल, साझामञ्च डटकमका सम्पादक गोपाल काफ्ले र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेललगायतले मन्तब्य राखेको कार्यक्रममा हेल्भेटास नेपालको सहयोगमा कनकाई पोलिटेक्निक इन्स्टिच्युट दुर्गापुरमा २ वर्षे डिप्लोमा कोर्ष पूरा गरेका पहिलो ब्याचका २० जना विद्यार्थीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# वैदेशिक रोजगारमा ठगी गर्ने झापाका राजवंशीसहित ३ पक्राउ

झापा(प्रस) । वैदेशिक रोजगारमा विभिन्न देशमा पठाइदिन्छु भनी ठगी गर्ने ३ जना पक्राउ परेका छन्।
पक्राउ पर्नेमा झापाको बाह्रदशी गाउँपालिका-३ घर भई काठमाडौं बूढानीलकण्ठ बस्ने ४१ वर्षीय कात्तिकलाल राजवंशी, धनुषा मिथिला नगरपालिका-९ घर भई काठमाडौंको कागेश्वरी बस्ने ४१ वर्षीय रविन कोइराला र धादिङको सिद्धलेक गाउँपालिका-७ घर भई काठमाडौंको नयाँबजार बस्ने ३६ वर्षीय पदमबहादुर भुजेल रहेका छन्। राजवंशीले अल्बानिया पठाउने भन्दै ७ लाख ७० हजार, कोइरालाले अस्ट्रेलिया पठाउने भन्दै १ लाख र भुजेलले सर्बियाका लागि ३ लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएका थिए।
बेरोजगार युवायुवतीहरूलाई आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशहरूमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेपश्चात् विदेश नपठाई सम्पर्कविहीन भएपछि पीडितहरूले जाहेरी दिएका थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको हो। थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग पठाइएको छ।

# प्राकृतिक प्रकोपमा ज्यान गुमाउने अधिकांश आदिवासी जनजाति

झापा(प्रस) । यस वर्षको प्राकृतिक प्रकोपमा आदिवासी जनजाति समुदायले धेरै भौतिक तथा मानवीय क्षति व्यहोरेका छन् । प्राकृतिक प्रकोपमा यी समुदाय सधैँ उच्च जोखिममा छन् । यस वर्षको मनसुनबाट ज्यान गुमाउनेको तथ्याङ्क विश्लेषण गर्ने हो भने पनि उक्त तथ्य पुष्टि हुन्छ ।
यस वर्षको मनसुन (वैशाखदेखि असोज सम्म) मा बाढीपहिरो लगायतका प्राकृतिक प्रकोपबाट मृत्यु भएका चार सय ४३ मध्ये आदिवासी जनजातिको संख्या एक सय ८४ जना छन् । उक्त तथ्याङ्कअनुसार कुल मृतकको ४१ दशमलव ५४ प्रतिशत आदिवासी जनजातिले ज्यान गुमाएका हुन् ।

मृतकमध्ये चार जनाको पहिचान हुन बाँकी छ । बेपत्ताको संख्या ६६ जना रहेको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ । तर बेपत्ताको नामथरसहितको विवरण केन्द्रसँग उपलब्ध छैन । बेपत्ताको समेत विवरण यकिन हुने हो भने ज्यान गुमाउने आदिवासीको सङ्ख्या अझै धेरै हुनसक्ने अनुमान गर्न सकिन्छ ।
कुल मृतक तथा बेपत्ताको संख्या जोड्ने हो भने जम्मा पाँच सय नौ जनाले यस वर्षको मनसुनमा ज्यान गुमाएका छन् । मनसुनी विपद्मा परी दुई सय २८ महिला तथा बालबालिकाको मृत्यु भएको छ । कुल मृतक संख्यालाई आधार मान्ने हो भने ५१ दशमलव ४७ प्रतिशत महिला तथा बालबालिकाको मृत्यु भएको छ । जसमध्ये ६० जना बालबालिका छन् । कुल मृतकमध्ये १३ दशमलव ५५ प्रतिशत बालबालिकाले ज्यान गुमाएका छन् । ज्यान गुमाएका बालबालिकामध्ये ३५ बालक र २५ बालिका छन् । प्रदेशगत विवरणअनुसार यस वर्षको मनसुनमा सबैभन्दा बढी बागमती प्रदेशमा दुई सय ६७ जनाले ज्यान गुमाए । कोशीमा ४३, गण्डकी ५५, लुम्बिनी २९, कर्णाली १६, सुदूरपश्चिम १६ र मधेश प्रदेशमा १३ जनाले ज्यान गुमाएका छन् ।
जलवायु विज्ञहरूका अनुसार गत असोज ११ गतेदेखि १७ गतेभित्रको मनसुनी विपद् जलवायु परिवर्तनको असर प्रमुख कारण मानिएको छ । असोजमा मात्रै तीन सय तीन जनाको ज्यान गयो । यस वर्षको मनसुनमा ज्यान गुमाउने कुल सङ्ख्यालाई आधार मान्ने हो भने असोजको बेमौसमी बर्सातका कारण गएको बाढीपहिरोबाट ६८ दशमलव ३९ प्रतिशतले ज्यान गुमाए ।
उक्त अवधिमा काभ्रेपलान्चोक जिल्लाले सबैभन्दा ठुलो क्षति व्यहोर्नुपर्यो । बाढीपहिरोबाट काभ्रेमा मात्रै ७९ को मृत्यु, ७८ घाइते र छ जना बेपत्ता भए । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले उपलब्ध गराएको उक्त तथ्याङ्क अझ विस्तृत रूपमा तयार हुन बाँकी रहेको सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले बताए ।
सो अवधिमा काभ्रेमा मृत्यु भएका ७९ मध्ये ३८ जना आदिवासी जनजाति समुदायका छन् । उक्त संख्या काभ्रेमा मृत्यु भएका कुल सङ्ख्याको ४८ दशमलव ११ प्रतिशत हो । जसमा तीनजना माझी, दुई मगर, एक श्रेष्ठ र बाँकी ३२ जना तामाङ समुदायका छन् ।
वि.सं.२०७८ को जनगणनाअनुसार हिमाली, पहाडी र मधेसका जनजातिको सङ्ख्या एक करोड दुई लाख १८ हजार पाँच सय ७० रहेको छ । उक्त जनसंख्या कूल जनसंख्याको ३५ दशमलव ०४ प्रतिशत हुन आउँछ । यही तथ्यलाई आधार मान्ने हो भने पनि यस वर्षको मनसुनजन्य प्राकृतिक प्रकोपमा आदिवासी जनजातिले धेरै ज्यान गुमाउनुको साथै भौतिक क्षति व्यहोरेका छन् । जनसंख्याको अनुपातमा आदिवासी समुदायले अधिकांश प्राकृतिक प्रकोपमा बढी क्षति भोग्दै आएको देखिन्छ ।
जुनसुकै प्राकृतिक प्रकोपमा आदिवासी जनजाति समुदायले बढी ज्यान गुमाउनु परेको र राज्यले सधैँ यस समुदायलाई उपेक्षा गर्ने गरेको आदिवासी अधिकारकर्मीहरू ठम्याइ छ । नेपाल आदिवासी जनजाति महासंघका महासचिव दिवस राईले समग्र विपद्लाई आधार मान्ने हो भने जहिल्यै ८० प्रतिशत क्षति आदिवासी जनजाति समुदायमा हुने गरेको दाबी गरे ।
"आदिवासी जनजाति समुदाय किन धेरै पीडित हुन्छन् भने यो समुदायको निकटता बढी प्रकृतिसँग हुन्छ । त्यही भएर उनीहरू हिमाल मुनी, खोला किनारमा, ताल तलैया वनक्षेत्र नजिक बस्छन्", उनले भने, "यो समुदाय प्राकृतिक स्रोत साधनसँग जोडिएर काम गर्न सकिने ठाउँमा हुन्छन् । त्यसैले बढी क्षति उनीहरूले व्यहोर्नुपर्छ ।"आदिवासी समुदायको परम्परागत ज्ञान, प्रथाहरू प्रकृतिसँग सम्बन्ध राख्ने हुँदा प्राकृतिक प्रकोप वा जलवायु परिवर्तनको मूल असर आदिवासी समुदायलाई पर्ने गरेको उनले बताए । आदिवासी समुदाय अहिले पनि विज्ञान प्रविधिभन्दा बढी रैथाने ज्ञान परम्परामा रुचाउन चाहने उनको भनाइ छ ।
राज्यले पक्ष राष्ट्रका रूपमा हस्ताक्षर गरेका अधिकांश अन्तर्राष्ट्रिय महासन्धीहरूमा आदिवासी जनजातिलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता गरे पनि व्यवहारमा उपेक्षा गर्ने गरेको आदिवासी अधिकारकर्मी बताउँछन् । हालै अजरबैजानको बाकुमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलन, कोप-२९ मा पनि विश्वभरका आदिवासी समुदायले सम्मेलन अवधिभर नारा जुलुस गरेको नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष गेल्जे शेर्पाले बताए ।

"आदिवासी जनजाति समुदायलाई राज्यले उपेक्षा गर्ने चलन संसारभर नै देखिन्छ । सबैभन्दा बढी क्षति आदिवासीले भोग्ने तर त्यसबापत्को क्षतिपूर्ति वितरणमा सो समुदायको अधिकार नहुने ठुलो विभेद छ", अध्यक्ष शेर्पाले भने, "त्यसैका विरुद्ध हामी निरन्तर अधिकारको लडाइमा छौँ ।"

कार्बन सञ्चितीकरण अर्थात् वन विनाश तथा क्षयीकरण घटाए बापत हाल राज्यले प्राप्त गर्दै आएको कुनै पनि बजेट आदिवासी समुदायलाई केन्द्रित गरेर विनियोजन नगरिएको उनले बताए । जलवायु नीति २०७६ कार्यान्वयनमा पनि अझै चुनौती देखिएको अधिकारकर्मी बताउँछन् ।

## सताक्षीधाममा ...

गर्ने नेपालीभाषीले दिएको आर्थिक सहयोग यो कार्यक्रमको मुख्य स्रोत भएको नेपाल भारतदेशका राधे राधे परिवारका प्रवक्ता घनश्याम शास्त्री खनालले बताए । करिब एक करोड खर्च भइरहँदा यो धार्मिक अनुष्ठानमा ३ करोड सहयोग प्राप्त हुने अनुमान गौशालाले गरेको छ। धार्मिक अनुष्ठानको खर्चबाट बचेको रकम गौ संरक्षणमा खर्च हुने बताइएको छ ।
हाल गौशालामा ६६२ वटा गाईका तिनका बाछाबाछी छन् भने किसानले गौ सेवाका लागि २ हजार १६० वटा गाई लगेका छन् । किसानहरूले गौशालाबाट निःशुल्क गाई लगेका हुन् ।
गौशालाका लागि १५ जना कर्मचारी र गाईबाछाको आहाराका लागि मासिक ५ देखि ६ लाख खर्च हुने गरेको उनले बताएका छन् ।
गौशालाका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक बेदप्रकाश अग्रवालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको सहजीकरण सचिव मदनमोहन अधिकारीले गरेका थिए । कार्यक्रममा गौशाला प्रमुख घनश्याम खनाल शास्त्री, राम मन्दिर निर्माणकर्तासमेत रहेका गौशालाका सञ्चालक समिति सदस्य कृष्ण खरेल, खनिमाया श्रेष्ठलगायतको सहभागिता थियो। गौशालामा मासिक करिब ६ लाख रुपैयाँ खर्च हुने गरेको बताइएको छ। गाईको आहारा, गौशालाका सेवकको पारिश्रमिक र भोजनमा यतिका रकम खर्च हुने गौशालाले जनाएको छ। यो खर्चको जोहो गौशालाले भिक्षा दान पाएर गरिरहेको छ।
२०७२ सालमा स्थापना भएको गौशाला परिसरमा मठमन्दिर लगायत गरी करिब २५ वटा पूर्वाधार निर्माण भएको छ। कोरोनाको महामारीपछिको चार वर्षमा करिब १० करोड मूल्य बराबरको लागतमा संरचनाहरू निर्माण भएको गौशालाले जनाएको छ।
यो वर्षदेखि गौशालाले दुई तला भएको भवनमा गाईको आवास क्षेत्र निर्माण गरेको छ । यो भवनमा करिब २०० वटा गाई अटाउन सक्ने अनुमान गरिएको छ। नेपालमा दुई तलाको भवनमा गाईको आवास क्षेत्र निर्माण गरिएको यो सम्भवतः पहिलो भवन हो। यो भवन पनि धार्मिक पर्यटकका लागि निकै आकर्षकको गन्तव्य बन्न सक्ने स्थानीयवासीले बताए ।
गौशालाले यो वर्षदेखि अर्थात् मङ्सिर १४ गते अन्नपूर्ण भण्डारको पनि उद्घाटन गर्ने कार्यक्रम रहेको गौशालाका अध्यक्ष भारद्वाजले बताए । पहिलो तलामा भोजन ग्रहणका लागि अन्नपूर्ण भण्डार, दोस्रो तलामा धार्मिक उत्सव विवाह लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ भने तेस्रो तलामा धार्मिक पाहुनाका लागि आवास क्षेत्र निर्धारण गरिएको छ। जसका लागि २८ वटा कोठा निर्माण गरिएको छ ।
यसअघिका कार्यक्रम पनि गौशालाका ऐतिहासिक कार्यक्रम थिए। नेपालमै पहिलोपटक १०८ कुण्डीय कोटिहोम आयोजना गरेर गौशालाले छुट्टै धार्मिक पहिचान स्थापित गरेको थियो। यो कोटिहोममा ४३२ ब्राह्मणले लगातार नौ दिनसम्म होमादि गरेका थिए।

## लैंगिक...

छ । मेचीनगर नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखाले काँकडभिट्टामा प्रभातफेरि आयोजना गरेको थियो । इलाका प्रहरी कार्यालय परिसरबाट विभिन्न नारा लेखिएका प्लेकार्ड र व्यानरसहित शुरू भएको र्यालीले बाहुनडाँगी रोड, पुरानो सुपारी लाईन, गुराँस पथ, वडा कार्यालय रोड, बसपार्क , मुख्य राजमार्गलगायत काँकडभिट्टा बजारको मुख्य मुख्य स्थानको परिक्रमा गरि पञ्चमुखी हनुमान मन्दिर र लक्ष्मी नारायण मन्दिर परिसरमा पुगेर संक्षिप्त कोण सभामा परिणत भएको थियो । मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्य र उपप्रमुख मीना पोख्रेल उप्रेतीको अध्यक्षतामा भएको संक्षिप्त कोणसभालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायव उपरीक्षक मिमबहादुर लामा, महिला जनचेतना केन्द्र मेचीनगरका संस्थापक अध्यक्ष राधा प्रधानलगायतले संबोधन गरेका थिए ।

# प्याब्सन कन्काईको अध्यक्षमा बिनोद उप्रेती चयन

झापा(प्रस) । निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन)को कन्काई अध्यक्षमा बिनोद उप्रेती चयन भएका छन् । छैटौं साधारणसभा तथा तेस्रो अधिबेशनबाट अध्यक्षमा उप्रेती सर्वसम्मत चयन भएका हुन् । त्यस्तै सचिवमा गोकुल उप्रेती , कोषाध्यक्षमा विमान लामा तामाङ तथा सदस्यहरुमा गोपाल संग्रौला र रोशन के सी (खत्री) सर्वसम्मत चयन भएका छन् ।
निर्वाचनका लागि प्याब्सनका केन्द्रीय सदस्य एलपी उप्रेतीको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको थियो ।
प्याब्सनका केन्द्रीय उपाध्यक्ष नारायण घिमिरेको प्रमुख आतिथ्य तथा नगर अध्यक्ष विनोद सुब्बाको सभापतित्वमा कार्यक्रम भएको थियो । कार्यक्रममा कोषाध्यक्ष विनोद उप्रेतीले आर्थिक र सचिव मोहन थापाले सांगठानिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# प्रधानमन्त्री ओलीले गरे एनपीएलको ट्रफी अनावरण



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपीएल) को ट्रफी अनावरण गरेका छन्। सोमबार बिहान धरहराबाट प्रधानमन्त्री ओलीले एनपीएलको ट्रफीको अनावरण गरेका हुन्।
कार्यक्रममा ओलीले ऐतिहासिकस्थल धरहराबाट अनावरणले खेलकुदमा जागर पैदा गराएको बताए। उनले भने,' एनपीएलले धरहराले इतिहास र संस्कृतिलाई सघाउँछ। र एनपीएलले आगामी पुस्तालाई प्रेरणा जगाउँछ।' ओलीले क्रिकेट युवा पुस्ताको गौरव बनेको धारणा राखे। कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले एनपीएलको ट्रफीको मुख्य आकर्षण सगरमाथाको आधार शिविर कालापत्थरको ढुंगा रहेको जानकारी दिए । उनले यो ट्रफीमात्र नभई विश्वलाई हिमाल संरक्षण गर्ने सन्देश समेत दिएको बताए।
पहिलो संस्करणको नेपाल प्रिमियर लिग मंसिर १५ देखि पुस ६ गतेसम्म काठमाडौंमा हुँदैछ। एनपीएलका ८ फ्रेन्चाइच टोलीमा काठमाडौं गुर्खाज, विराटनगर किङ्ग, जनकपुर बोल्ट, चितवन राइनोज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स एनपीएलमा सहभागी रहने भएका छन् ।
एनपीएलको प्रत्यक्ष प्रसारण भारतीय च्यानल स्टार स्पोर्ट्सबाट हुनेछ।

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि.द्वारा संचालित

**मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल**
**Manmohan Memorial Eastern Regional Community Hospital**
**बिर्तामोड ५ , झापा**

**साधारणसभा सम्वन्धी सूचना**
प्रथम पटक प्रकाशित २०८१/०८/०८

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि. बितामोड झापाको संचालक समितिको मिति २०८१ कार्तिक १० गतेको बैठकको निर्णयानुसार संस्थाको १२ औं साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएकाले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त साधारण सभामा सदस्य आफै अनिवार्य उपस्थित भईदिनु यो सूचना प्रकाशित गरिएको छ।
**साधारण सभाको कार्यसूची निम्नानुसार छः**
१. संस्थाको संस्थागत प्रतिवेदनमाथि छलफल
२. संस्थाको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदनमाथि छलफल
३. आ.व. २०८०/०८१को संस्थाको लेखा परिक्षण प्रतिवेदनमाथि छलफल
४. संस्थाको आ.व. २०८१/०८२ को यथार्थ र आ.व. २०८१/०८२ को अनुमानित बजेटका सम्बन्धमा छलफल
५. आ.व. २०८१/०८२ को लागि संस्थाको लेखापरिक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा
६. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन बारे
७.संस्थाको आन्तरिक कार्यविधि र निर्देशिकाहरु अनुमोदन सम्बन्धमा
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा
९. संस्थाको भवन निर्माण प्रयोजनका लागि ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा
**साधारण सभाको कार्यक्रम**
**मितिः** २०८१ /८/२९ गते शनिवार
**स्थानः** सिटी सेन्टर विर्तामोड, झापा
**दृष्टव्यः थप जानकारीको लागि संस्थाको वेभसाइटमा हेर्नुहोला।**

**नरेश खरेल**
**अध्यक्ष**

**संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई सूचना**
सूचना प्रकाशित मिति : २०८१।०८।११

**यस विकास वैंकका संस्थापक शेयरधनी दिपक कुमार सरावगीले आफ्नो नाममा रहेको संस्थापक शेयर मध्येबाट ३०,००० (तीस हजार) कित्ता शेयर विक्री गर्ने इच्छा जाहेर गरी निवेदन गर्नु भएको र संचालक समितिको वैठकमा पेश हुँदा उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम यस विकास वैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय भएकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावलाई विकास वैंकको संस्थापक शेयर खरिद गरी लिने इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस विकास वैंकको केन्द्रीय कार्यालय विर्तामोड झापामा के कति शेयर कित्ता खरिद गरी लिनु हुने हो सो व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्वन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको इच्छा जाहेर हुन नआएमा वा सवै शेयर खरिद गरी लिन निवेदन नपरेमा बाँकी रहन गएको शेयर कित्ता प्रचलित नियमानुसार अन्य व्यक्तिलाई विक्री गर्ने सम्वन्धी आवश्यक कारवाही अघि वढाईने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हवाई भाडामा कडाइ गर

**नेपालको मुख्य विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाह्य उडानको भाडा चर्को वृद्धि भएको छ । मर्मत तथा विस्तारका निम्ति गत कात्तिक २३ गतेदेखि रातिको निश्चित समय विमानस्थल बन्द गर्नुपर्ने बाध्यतालाई विमान सेवा कम्पनीहरूले भाडा बढाउने बहाना बनाएका छन् । भाडामा अत्यधिक वृद्धि गरिएपछि नेपालबाट काम गर्न जाने श्रमिकहरू चर्को मारमा परेका छन् । देशभित्र रोजगारीको अवस्था राम्रो नभएका कारण दिनकै दुई तीन हजार नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । फस्टाउन लागेको नेपालको पर्यटन व्यवसायमा समेत प्रतिकूल प्रभाव पर्दै छ । बाहिर अध्ययन गर्न जाने विद्यार्थी मर्कामा छन् । बाह्य उडान भाडामा २० प्रतिशतदेखि कतिपय अवस्थामा शतप्रतिशतसम्म बढेको गुनासो व्यापक हुनु गम्भीर चुनौती हो । अनेक प्रयासपछि पनि भाडालाई यात्रुमैत्री नबनाएपछि सरकारले समयसीमा तोकेरै भाडादर बुझाउन निर्देशनसमेत दिनुपर्ने अवस्था आयो ।**

**एउटै विषय बारम्बार उठिरहनु राम्रो होइन । नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित सरोकारीबिच यो विषयमा कात्तिकको अन्तिमतिरै व्यापक छलफल भई निकास आएको थियो । त्यस क्रममा पाँचबुँदे सहमतिसमेत भयो । सहमति अनुसार विमान कम्पनीले ट्राभल एजेन्सीलाई पछि टिकट बिक्री गर्ने गरी एकमस्ट रूपमा बिक्री गर्ने अधिकार खारेज गर्ने निर्णयसमेत भयो । सो निर्णयबाट यात्रुले केही राहत पाउने अपेक्षा गरिएको थियो । सीमित उडान मात्र छन् भन्दै पहिल्यै बढी भाडा असुल्ने प्रवृत्तिमा विराम आउने अपेक्षा थियो । कतिपयले त्यस निर्णयमा उति बेलै शङ्कासमेत व्यक्त गरेका थिए । काठमाडौँ उडान भर्ने सम्पूर्ण वायुसेवा कम्पनीले एकमुस्ट टिकट बेच्ने अधिकार नदिँदा मूल्यमा दबाब नपर्ने ठानिए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन सकेन । भाडा घट्ने अवस्था आएन । सहमतिकै क्रममा सबै वायुसेवा सञ्चालकले दुईपक्षीय हवाई सेवा सम्झौताको 'प्राइसिङ' शीर्षकमा उल्लेख भए अनुसारको प्रावधान परिपालना गर्ने भनिए पनि कार्यान्वयन भएको देखिएन । यसै गरी सबै वायुसेवा सञ्चालकले उडानबमोजिमको हवाई भाडा सूची तोकी सार्वजनिक गर्नुपर्ने निर्णयसमेत कार्यान्वयन नहुँदा भाडा घट्न सकेन । समस्या चर्किएपछि फेरि तालुक मन्त्रालयले कदम चाल्नुपर्ने अवस्था बाध्यता हो ।**

**यसअघि नै सरकार र विमान सेवा कम्पनीबिच भएको पाँचबुँदे सहमति प्रभावकारी रूपमा कार्यान्वयन गर्दा हवाई भाडा अहिलेको जस्तो चर्को महँगो हुँदैन । विमान सेवा कम्पनी आफैँ सहभागी भई गरिएको निर्णय आफैँले कार्यान्वयन गर्नुपर्ने हो । सरकार तथा सम्बद्ध निकायले बारम्बार सम्झाउनु अझ हस्तक्षेप नै गर्नुपर्ने अवस्था आउनु उचित होइन । कठोर नियमन गर्नुपर्ने अवस्थाले यदाकदा अझै नराम्रो स्थिति ल्याउन सक्छ भन्नेतिर सम्बद्ध पक्ष बेलैमा गम्भीर हुनु पर्छ ।**






# नि:सन्तानपनको बढ्दो समस्या



• डा. ज्योति अग्रवाल

दम्पतीले परिवार नियोजनका कुनै पनि साधन प्रयोग नगरी एक वर्षसम्म प्रयास गर्दा पनि गर्भ रहेन भने त्यसलाई निःसन्तानपन भनिन्छ । नेपालमा पछिल्लो समय विभिन्न कारणले निःसन्तानपनको समस्या बढ्दै गएको पाइन्छ । सामान्यतः हरेक १० दम्पतीमध्ये एक जनामा निःसन्तानपनको समस्या रहेको पाइएको छ । दुई दशकअघि र पछिको तथ्याङ्क तुलना गर्ने हो भने पनि नेपालको कुल प्रजनन दर घट्दो क्रममा छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले कुल प्रजनन दर प्रतिमहिला २.१ रहेको देखाएको थियो, जबकि सन् १९९६ मा यो दर ४.६ थियो । सहरी क्षेत्रमा प्रजनन दर अझ कम छ । सर्वेक्षण अनुसार सहरी क्षेत्रमा प्रतिमहिला दुई छ भने ग्रामीण क्षेत्रमा २.४ छ । विश्वमै पनि प्रजनन दर घटिरहेको छ । सन् २००० मा विश्वको प्रजनन दर प्रतिमहिला २.७ थियो भने अहिले २.३ छ ।

**समस्याका कारण**

उमेर, खानपान, जीवनशैलीलगायतका कारण निःसन्तानपनको समस्या बढिरहेको पाइन्छ । आजकाल करिअरलाई प्राथमिकता दिँदा ढिलो बिहे गर्ने चलन बढ्दै गएको छ तर महिलाको उमेर जति बढ्दै जान्छ, प्रजनन क्षमता पनि उति नै घट्दै जान्छ । जसले गर्दा ३५ वर्षभन्दा माथिको उमेरका महिलामा निःसन्तानपन देखिने गरेको छ । यस्तै अस्वस्थकर खानपान, जङ्कफुडको बढी प्रयोग तथा वातावरणीय प्रदूषण पनि निःसन्तानपनको कारक मानिन्छन् । यसले गर्दा पुरुषको शुक्रकीटमा कमी आउने, महिलामा छिटो महिनावारी सुक्ने, अन्डाको संख्या तथा गुणस्तर घट्ने जस्ता समस्या निम्तिन सक्छन् ।

अर्कोतिर, आजकल महिला हुन् वा पुरुष, धूमपान तथा मद्यपान गर्ने क्रम बढेको छ । त्यसले पनि निःसन्तानपनको समस्या बढाउने गरेको छ । खानपान तथा जीवनशैलीका अतिरिक्त वातावरणीय प्रभाव पनि परिरहेको हुन्छ । आजकल महिलाहरू पनि पुरुषसरह काममा खटिइरहेका र तनावपूर्ण काम गरिरहेका हुन्छन्, जसको प्रभाव प्रजनन क्षमतामा पर्ने सम्भावना हुन्छ । यस्तै पुरुष संलग्न हुने केही पेसाजन्य क्रियाकलापले पनि प्रजनन क्षमतामा असर गरेको हुन्छ । जस्तो विकिरणमा काम गर्ने, कोइला उद्योग तथा तातो ठाउँमा काम गर्ने पुरुषको शुक्रकीटलाई असर गर्ने भएकाले निसन्तानपन उत्पन्न हुन्छ ।

अर्को भनेको पतिपत्नीबिचको दुरी हो । आजकल वैदेशिक रोजगारीको बाध्यताका कारण लामो समय पति पत्नीबिच दुरी रहेको हुन्छ । प्रजननका हिसाबले ऊर्जाशील समय अलग भएर बसेपछि सन्तान उत्पादनमा समेत असर गर्छ । मैले धेरै यस्ता बिरामी भेटेकी छु, जसका पति वर्षौंदेखि घर आएका छैनन् र सन्तान भएको छैन ।

यी त भए बाह्य कारण तर महिला तथा पुरुषको प्रजनन अङ्गमा आउने स्वास्थ्य समस्या पनि निःसन्तापनको कारक बन्छन् । महिलामा दोहोरिएर संक्रमण भयो भने पाठेघरको नलीमा अवरोध उत्पन्न हुन्छ भने महिनावारी पीडायुक्त हुने, पाठेघरमा सिस्टहरू पलाउने जस्ता कारणले निःसन्तानपन हुन्छ । यस्तै, कसै-कसैमा जन्मजात पाठेघर सानो हुन्छ भने जन्मजात नै अन्डाको गुणस्तर र संख्या नै कम हुने हुन्छ । पुरुषमा शुक्रकीटको उत्पादन कम हुने, लिङ्ग नै उत्तेजित नहुने, वीर्य नै नझर्ने, यौन सम्पर्क नै गर्न मन नलाग्ने जस्ता समस्याले प्रजनन क्षमतामा असर गरिरहेको हुन्छ । अर्को भनेको हाइपरटेन्सन, मधुमेह, दम जस्ता दीर्घरोगका लामो समय खाइने औषधीले पनि निःसन्तानको समस्या निम्तन्छ ।

**आइभिएफ (इनभिट्रो फर्टिलाइजेसन)**

महिलाको अन्डा र पुरुषको शुक्रकीटलाई प्रयोगशालामा निषेचनमार्फत भ्रूणको विकास गरी पाठेघरमा राख्ने प्रक्रिया नै आइभिएफ हो । निःसन्तानपनको समस्या हुनेबित्तिकै सबैलाई आइभिएफ नै चाहिन्छ भन्ने जरुरी छैन । पहिले प्राकृतिक रूपमै गर्भधारण गर्न सक्ने गरी विभिन्न उपचार प्रक्रिया गरिन्छ तर जसको पाठेघरको दुवै पट्टिको नली अवरुद्ध छ वा दुई सन्तान भएपछि बन्ध्याकरण गरेका तर पुनः सन्तान जन्माउने इच्छा भएकाहरूलाई आइभिएफ गरिन्छ । पाठेघर तथा अन्डामा सिस्ट भएको र प्राकृतिक रूपमा गर्भधारणको प्रयास नै गर्न मिलेन भने आइभिएफ प्रक्रियामा जानु पर्छ । यस्तै, पुरुषमा शुक्रकीटको कमी छ भने आइभिएफ गरिन्छ । सामान्यतः ५० लाखभन्दा कम शुक्रकीट छ भने आइभिएफको सल्लाह दिइन्छ । महिलामा महिनावारी सुकेको छ भने दाताबाट अन्डा लिएर पनि आइभिएफ गर्न मिल्छ ।

**आइभिएफ गर्ने तरिका**

सबैभन्दा पहिले महिला महिनावारी भएको दोस्रो दिनमा अन्डा बढाउनका लागि इन्जेक्सन दिइन्छ । अन्डा बढाउने प्रक्रियाका लागि कसैलाई १० र कसैलाई १२ दिनसम्म लाग्छ । इन्जेक्सन दिएपछि अन्डा बढिरहेको छ कि छैन भनेर नियमित परीक्षण गरिन्छ । १८ मिलिमिटरभन्दा ठुलो अन्डा भयो भने त्यसलाई परिपक्व बनाउन इन्जेक्सन दिइन्छ तर इन्जेक्सन दिएको अन्डा ३६ घन्टापछि फुट्छ । अन्डा नफुट्दै ३४ देखि ३६ घण्टाभित्र अर्थात् डेढ दिनभित्रमा बिरामीलाई बेहोस पारेर योनिबाट अल्ट्रासाउन्डमार्फत सिरिन्ज छिराएर अन्डा झिकिन्छ । यस बेला इम्ब्रोइलोजिस्ट, एनेस्थेसिस्ट, गाइनोकोलोजिस्ट तथा सहायकहरूको टिम नै चाहिन्छ ।

अन्डा झिकेपछि इम्ब्रोइलोजिस्टहरूलाई दिइन्छ । उनीहरूले त्यो अन्डाबाट फ्लुड निकाल्छन् । फोलिक नामको उक्त फ्लुड बच्चा बनाउन महत्वपूर्ण मानिन्छ । फोलिक तीन प्रकारका हुन्छन् -एम टु, एम वान र जिबी । बच्चा बनाउन काम लाग्ने भनेको एम टु मात्र हो, जसलाई म्याचुअर्ड फोलिकल भनिन्छ । अनि माइक्रोस्कोपमा एकातर्फ अन्डा र अर्कोतिर शुक्रकीट स्थिर बनाएर राखिन्छ र अण्डामा शुक्रकीट निषेचन गरिन्छ । यो प्रविधिलाई इक्सी अर्थात् इन्ट्रासाइटोप्लाज्मिक स्पर्म इन्जेक्सन भनिन्छ । त्यसपछि आमाको पेटमा हुने वातावरण तयार गरिएको इन्क्युबेटरमा राखिन्छ । भ्रुण राम्रो छ भने पाँच दिन र ठिकै छ भने पाँच दिनमा निकालेर पाठेघरमा राखिन्छ तर यसरी निषेचन गरिँदा भ्रुण बन्छ नै भनेर निश्चित हुँदैन । जस्तै १० वटा अन्डामा शुक्रकीट निषेचन गरियो भने कहिलेकाहीँ १० वटा नै भ्रुण बन्छ भने कसैको सात वटा, कसैको दुई वटा भ्रुण बन्छ । भ्रुण बन्ने कुरा अन्डा र शुक्रकीटको गुणस्तर कस्तो छ भन्नेमा भर पर्छ । अनि, प्रयोगशाला कस्तो छ, इम्ब्रोइलोजिस्ट कस्ता छन्, इन्क्युबेटर कस्तो छ जस्ता कुराले निर्धारण गर्छन् ।

भ्रुणलाई पाठेघरमा प्रत्यारोपण गर्ने तरिका पनि दुई प्रकारको हुन्छ । एउटा अन्डा झिकेको तीन दिन या पाँच दिनमा राख्ने । यसलाई फ्रेस एम्ब्राओ ट्रान्सफर भनिन्छ । अर्को भनेको फ्रोजन टान्सफर हो तर हामी फ्रेसभन्दा फ्रोजनमा जोड दिन्छौँ । त्यसका लागि तीनदेखि पाँच दिनमा बनेको भ्रूणलाई माइनस १२० डिग्रीको तापक्रममा फ्रिज गरिन्छ । बिरामीलाई महिनावारी गराइन्छ । मुखबाट खाने औषधी पनि दिइन्छ र अबचाहिँ उपयुक्त छ भन्ने यकिन भएपछि फ्रोजन भ्रुण प्रत्यारोपण गरिन्छ । यो सबै प्रक्रिया गर्दा १७-१८ दिन लाग्छ । भ्रुण प्रत्यारोपणको १२ दिनपछि प्रेगनेन्सी टेस्ट गरिन्छ । अनि मात्र थाहा हुन्छ आइभिएफ सफल भयो कि भएन भनेर ।

त्यसपछि बिरामीलाई घर पठाइन्छ तर हामी पूर्णतया बेड रेस्टभन्दा पनि घरको सानोतिनो काम गर्न नै सल्लाह दिन्छौँ तर गह्रौँ खालका काम गर्न मिल्दैन र धेरै कफी नखान पनि सल्लाह दिन्छौँ । यदि कुनै परिवारमा दीर्घरोग छ भने तयार भएको भ्रुणबाट सानो टुक्रा लिएर परीक्षण गरिन्छ, जसलाई प्रि-जेनेटिक टेस्टिङ अर्थात् पिजिटी भनिन्छ । यो परीक्षणबाट वंशाणुगत समस्या पत्ता लगाइयो भने समयमै त्यसको निदान गरेर स्वस्थ शिशु जन्म दिन सकिन्छ तर यो अलि महँगो हुने भएकाले सबैमा पिजिटी परीक्षण गरिँदैन । परीक्षण आवश्यक देखिएका र दम्पत्तिको अनुरोधमा मात्र गरिन्छ । विदेशमा भने आइभिएफका क्रममा पिजिटी परीक्षण अनिवार्य छ । तर, हामी बिरामीलाई आउनेबित्तिकै आइभिएफ गराउन बल गर्दैनौँ । सकभर प्राकृतिक रूपमै गर्भधारणका लागि उपाय अपनाइन्छ । अरू कुनै उपाय नभएको अवस्थामा मात्र आइभिएफको प्रक्रिया अगाडि बढाइन्छ ।

आइभिएफको सफलता चाहिँ महिलाको अन्डा, पुरुषको शुक्रकीट आदिमा भर पर्छ । समग्रमा सफलता दर ५० देखि ६० प्रतिशत हुन्छ । त्यसमा पनि शिशु जन्मने दर भनेको ३० प्रतिशत ४० प्रतिशत मात्र हो । बाँकी गर्भधारण र सन्तानलाई जन्म दिने प्रक्रियाका क्रममा केही समस्या आउन सक्छन् । आजकल ढिलो बिहे गर्ने, ढिला सन्तान जन्माउन चाहना राख्ने या पहिले करिअरलाई प्राथमिकता दिनेहरूले अन्डा र शुक्रकीट फ्रिज गरेर राख्ने चलन पनि बढेको छ । यसो गर्दा जुन उमेर छँदा अन्डा र शुक्रकीट फ्रिज गरेको हो, पछिसम्म पनि त्यही उमेर अनुसारकै रहन्छ र आवश्यक परेका बेला आइभिएफमार्फत शिशु जन्माउन सकिन्छ ।

# जनमत बुझ्ने अवसर



• तीर्थ भट्टराई

विभिन्न कारणले खाली हुन गएका स्थानीय तहका विभिन्न पदमा आगामी मंसिर १६ गते उपनिर्वाचन हुन गइरहेको छ । यसका लागि निर्वाचन आयोगले तयारी गरिरहेको छ भने निर्वाचन प्रक्रिया सुरु भइसकेका छन् । जस अनुसार ती रिक्त पदका आकांक्षीहरूले गत मङ्सिर २ गते मनोनयन पत्र दाखिला गरिसकेका छन् । निर्वाचन आयोगका अनुसार विभिन्न जिल्लामा विभिन्न पद रिक्त भएका थिए । ती पदहरूमा ओखलढुङ्गा तथा कैलाली जिल्लामा जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकामा मेयर पद, एक उपमेयर, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार तथा देशभरका विभिन्न गाउँपालिका तथा नगरपालिकाहरूमा ३४ वडाध्यक्ष पद गरी जम्मा ४४ पद रिक्त हुन पुगेका थिए । ती पदहरूमा कुल ३७६ जना आकांक्षी प्रतिस्पर्धाका लागि मैदानमा उत्रिएका छन् ।

२०७९ वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनपछि अहिले पहिलो पटक उपनिर्वाचन हुन लाग्दा विभिन्न जिल्लामा चुनावी सरगर्मी बढ्न थालेको छ भने जनतामा पनि उत्साह छाएको छ । खास गरी संसद्को चुनावमा कसैको पनि बहुमत नआएपछि त्रिशङ्कु संसद् बनेकाले गठबन्धन सरकारहरू बन्ने र चाँडै नै भत्कने क्रम चलिरहेको थियो । पहिलो पार्टी नेपाली कांग्रेस, दोस्रो नेकपा (एमाले), तेस्रो नेकपा (माओवादी केन्द्र) र चौथो पार्टी नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी बनेपछि कसैको पनि एकल बहुमत नपुग्ने भई कहिले नेपाली कांग्रेसको समर्थनमा त कहिले नेकपा (एमाले)को समर्थनमा सरकार बन्ने भए भने यसमा धेरै फाइदा नेकपा (माओवादी केन्द्र)ले लिन सफल भयो । सो दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' ले कहिले कांग्रेस त कहिले एमालेको सहयोगमा सरकार बनाउनुभयो । उहाँले आफ्नो पार्टीसँग ' जादुई संख्या' भएकाले सरकारबाट हट्नु नपर्ने बताउँदै आउनुभयो र पाँचै वर्ष सरकार चलाउने बताउँदै आउनुभयो तर यसबिच प्रचण्डबाट पालैपालो धोका पाएका नेपाली कांग्रेस र एमालेले आपसी समझदारी गरी संयुक्त सरकार चलाएमा सरकार अस्थिर हुँदैन भन्ने महसुस गरी गत असार ३० मा दुई दल मिलेर सरकार बनाए । दुवै दलको सहमतिबमोजिम नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभयो ।

प्रचण्ड प्रधानमन्त्री रहँदै यो समझदारी भएकाले प्रचण्ड भने असन्तुष्ट हुनुभयो भने यो सरकार पनि ढल्ने बताउँदै आउनुभयो । उता सहकारी ठगीमा रास्वपा नेता रवि लामिछानेमाथि छानबिन गर्न संसद्मा अडान लिएको कांग्रेसका कारण संसदीय छानबिन समिति गठन भई प्रतिनिधि सभा सदस्य सूर्य थापा नेतृत्वको समितिले रविलगायत विभिन्न व्यक्तिलाई दोषी ठहऱ्याएकाले उहाँ तिहार लगत्तै पक्राउ पर्नु भयो । रविको पक्राउ प्रतिशोध साँधिएको भनी रास्वपा भने आन्दोलित भयो ।

रविको मुद्दा अदालती प्रक्रियामा गइसकेकाले यस्तो आन्दोलन जायज नहुने विभिन्न पक्षबाट टिप्पणी भइरहँदा रास्वपा भने आन्दोलनमा होमिएको थियो । सो दलले आफूविरुद्ध प्रतिशोध साँधिएको र अरू दलका दोषीहरूलाई पनि छानबिनको दायरामा ल्याउनुपर्ने बताउँदै आएको छ । आफ्ना अध्यक्षलाई थुनामुक्त गरी छानबिन गर्नुपर्ने रास्वपाको माग रहँदै आएको छ तर मङ्सिर ८ गतेदेखि दोस्रो चरणको आन्दोलन गर्ने भनेको रास्वपा अदालतलाई प्रभावमा पार्ने प्रयास गरेको अर्थ लाग्ने हुनाले अब भने आन्दोलनको स्वरूप परिवर्तन गरी रचनात्मक आन्दोलनमा जाने निर्णय गरेको बताएको छ । गत मङ्गलबार र बुधबार पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले यस्तो निर्णय गरेको हो । यसबाट रास्वपाले आफूलाई सच्याउने दिशामा अघि बढाएको बुझ्न सकिन्छ । अन्यथा अदालती प्रक्रियामा गइसकेको कुरालाई अवरोध गर्नु आफूलाई सुशासनको पक्षधर दाबी गर्ने दललाई सुहाउने कुरा थिएन ।

यी विभिन्न घटनाक्रमबिच स्थानीय तहको निर्वाचन हुनुले दलहरू जनतामा जाने अवसर मिलेको छ भने उनीहरूको वर्तमान सामर्थ्यको परीक्षण हुने अवसर पनि आएको छ । हुन त ती उपनिर्वाचनहरू केही सीमित क्षेत्रहरूमा हुने छन् तैपनि देशका विभिन्न क्षेत्र र प्रदेशमा हुने भएकाले ती क्षेत्र र प्रदेशहरूका जनतालाई कुनै न कुनै रूपमा ती दलहरूप्रतिको धारणा व्यक्त गर्ने वा उनीहरूको मूल्याङ्कन गर्ने अवसर प्राप्त भएको छ । यसबाट सामाजिक सञ्जाल र सञ्चारमाध्यममा मात्र छाएका दलहरू जनतामा जानुपर्ने भएकाले को कति पानीमा रहेका छन् भन्ने स्पष्ट हुने बेला आएको छ । खास गरी दलहरूले अबका चुनावहरू एक्ला एक्लै लड्ने बताउँदै आएकामा उनीहरू त्यसमा अडिग रहन सक्ने हुन वा होइनन् भन्ने पनि स्पष्ट हुने नै छ ।

काठमाडौँमै पनि कीर्तिपुर नगरपालिकाका प्रमुखका लागि चुनाव हुने भएकाले काठमाडौँका मतदाताको पनि भावना अभिव्यक्त हुने छ । कीर्तिपुरमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) ले आफ्नै उम्मेदवार उठाए भने नेकपा (एस) ले आफ्नो उम्मेदवार उठाउन नसकी माओवादी केन्द्रका उम्मेदवारलाई नै सघाउने निर्णय गऱ्यो । उता हरेक क्षेत्रमा पुराना र ठुला दललाई चुनौती दिँदै आएको रास्वपाले पनि काठमाडौँको एक मह[?]वपूर्ण ठाउँमा आफ्नो उम्मेदवार दिन नसकी आफ्नो कमजोरी प्रदर्शन गऱ्यो भने अरू कुनै उपयुक्त स्वतन्त्र उम्मेदवारलाई समर्थन गर्ने बुझिएको छ ।

नेपाली कांग्रेस र नेकपा (एमाले) एउटै सरकारमा सहभागी दल भए पनि आपसमा स्वस्थ प्रतिस्पर्धा गर्ने जनाएका छन् । आफू निकै कमजोर रहेको स्थानमा भने उनीहरूले एकअर्कालाई सहयोग गर्ने नीति लिएका छन् । यस अनुसार ओखलढुङ्गा जिल्ला समन्वय समिति प्रमुखमा नेपाली कांग्रेसका टेकराज भट्टराई निर्विरोध भइसक्नु भएको छ भने कैलाली जिल्ला समन्वय प्रमुखमा पनि कांग्रेसकै टीकाकुमारी चौधरी निर्विरोध निर्वाचित हुनुभएको छ । यसै गरी, रुकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ को वडाध्यक्ष पदमा पनि माओवादी केन्द्रबाट निर्विरोध निर्वाचित भइसक्नुभएको छ ।

यस्तै देशभरका विभिन्न जिल्लामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष आदि गरी ४४ पद रिक्त भएकामा तीन जना निर्विरोध निर्वाचित भइसकेकाले अब बाँकी ४१ पदमा निर्वाचन हुने भएको छ । यसबाट विभिन्न प्रदेशमा केही न केही चुनावी रौनक आएको छ भने दलहरूलाई आगामी २०८४ को चुनाव आउनुअघि नै आआफ्नो शक्ति परीक्षण गर्ने अवसर पनि प्राप्त भएको छ ।

नयाँ सरकार बनेपछि केही हदसम्म राजनीतिक स्थिरता कायम भई अर्थतन्त्रमा सुधारको क्रम सुरु भएको र जनतामा उत्साह छाएको अवस्थामा देशले यसै वर्ष बाढी र पहिरोको अकल्पनीय कहर बेहोर्नु पऱ्यो । चाडबाडको मुखैमा आएको यस्तो विपत्तिलाई सामना गर्दै सरकार उद्धार, राहत, पुनर्निर्माणमा अग्रसर भएको छ भने क्षतिग्रस्त पुल र बाटाहरू पनि चाँडै नै खोल्न सफल भएको थियो तर पुनर्निर्माणका कामहरूलाई भने अवश्य नै समय लाग्न सक्छ । तैपनि ती विकास निर्माणका कार्यहरूलाई गति दिनुपर्ने आवश्यकता छ ।

देशमा अस्थिरता फैलाउन चाहने त[?]वहरू कहिले के निहुँ त कहिले के निहुँमा सरकार ढल्न लाग्यो, ढलिहाल्छ भनेर हल्ला मच्चाउन लागिपरेका छन् भने केही अराजक तत्वहरू भने बेमौसमी आन्दोलनको राग पनि अलापिरहेका छन् । यतिसम्म कि प्रधानमन्त्री ओली यसै महिना चीन गएर फर्केपछि सरकार ढल्छ भनेर कुप्रचार गर्नेहरू पनि कम छैनन् । कतिपयलाई सरकार ढलिदिए हुन्थ्यो भन्ने पनि लागेको होला तर बलियो जगमा बनेको सरकार सानोतिनो हावाहुरीले ढल्ने सम्भावना देखिँदैन । अराजकता फैलाउने विरुद्ध सरकार सजग भएर नै लागेको देखिन्छ । प्रधानमन्त्रीविरुद्ध दुष्प्रचार गर्न भिडियो बनाउने राजनीतिक अभियन्ता दुर्गा प्रसाईलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ । प्रहरीले प्रसाइका क्रियाकलाप प्रथम दृष्टिमै भ्रमपूर्ण भनिसकेको छ भने उहाँका अरू अराजक गतिविधिमाथि पनि छानबिन थालेको छ । यसबाट समाजमा अराजक गतिविधिलाई स्थान छैन भन्ने प्रमाणित भएको छ भने पूर्व प्रदेश मन्त्री राजीव गुरुङ (दीपक मनाङ्गे) जस्ता व्यक्ति पनि कारागार चलान हुनुले गलत क्रियाकलाप क्षम्य हुँदैन र सबै जना कानुनी दायरामा आएरै छाड्छन् भन्ने पनि स्पष्ट भएको छ । जे होस् अलिकति भए पनि स्थिरता छाएको र कानुनको राज स्थापित भएको बेलामा आएको यस उपनिर्वाचनमा सम्बन्धित क्षेत्रका जनताले उत्साहपूर्वक मतदान गरी लोकतन्त्रलाई मजबुत पार्नु वाञ्छनीय हुने छ ।

# थप १० युट्युब च्यानलसहितका माध्यमलाई कारबाही

झापा(प्रस) । अपुष्ट र भ्रमपूर्ण सामाग्री प्रसारण गरी समाजलाई दिग्भ्रमित पारेको भन्दै प्रेस काउन्सिल नेपालले थप १० वटा युट्युब च्यानलसहित सामाजिक सञ्जाललाई सोमबार कारबाही गरेको छ ।

तीमध्ये अधिकांश दर्ता र सूचीकरण नगरी सञ्चालित छन् । मिडियाअन्तर्गत दर्ता सूचीकरण नभई सञ्चालित सामाजिक सञ्जाललाई काउन्सिलले अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो) मा पत्राचार गरेको छ ।

काउन्सिलले पछिल्लो समयमा कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेष गरी युट्युब च्यानल तथा फेसबुक पेजबाट सम्प्रेषित सामग्रीको समेत विशेष अनुगमन गरिरहेको छ । सो क्रममा सामाजिक सञ्जालबाट घृणा तथा द्वेष फैलाउने किसिमबाट अपुष्ट, आधारहीन, एकपक्षीय आरोपसहितका सामग्रीमाथि अनुगमन भइरहेको सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहराद्वारा प्रेषित विज्ञप्तिमा उल्लेख छ ।

गलत, भ्रमपूर्ण, अफवाहपूर्ण, पक्षपोषणयुक्त, गालीगलौजपूर्ण र अतिरञ्जित सामग्रीलाई प्राथमिकतासहित स्थान दिई प्रकाशन प्रसारण गर्ने युट्युबमाथि काउन्सिलले पछिल्लो समय कार्यविधि बनाइ कारबाही प्रक्रिया अघि बढाएको छ ।

यही मङ्सिर ४ गते यस्तै खालका ९ युट्युब च्यानल र पेजलाई काउन्सिलले कारबाही गरेको थियो । सोमबार विना दर्ता सञ्चालित मिसन टुडे, डेलिन्यूज एनपी, सेवायो न्युज, मिडिया ताजा खबर, ऋणी एसोसिएसन र हट न्युज नेपाल नामक युट्युब च्यानल र पेजलाई थप अनुसन्धानका लागि प्रहरीमा पत्राचार गरिएको हो ।

अन्य माध्यमलाई गलत र भ्रमपूर्ण सामग्री हटाइ, उक्त सामग्री प्रसारण गर्नुको कारणसहित २४ घण्टाभित्र पेस गर्न काउन्सिलले निर्देशन दिएको छ ।

काउन्सिलको अनुगमनको क्रममा मिडियाअन्तर्गत आबद्ध भएका सामाजिक सञ्जाल (युट्युब च्यानल)बाट आम मानिसलाई उत्तेजित बनाउने तथा सन्त्रास फैलाउने, घृणा तथा द्वेष फैलाउने, अपुष्ट, भ्रमपूर्ण, अफवाहपूर्ण अभिव्यक्ति र भनाइलाई प्राथमिकताका साथ स्थान दिई सम्प्रेषित सामग्री पहिलो दृष्टिमा आचारसंहिता प्रतिकूल देखिएको उल्लेख छ ।

'सञ्चार क्षेत्रलाई व्यवस्थित, विश्वसनीय, मर्यादित र प्रतिष्ठापूर्ण बनाउन प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयन हुनुपर्छ । संविधान र कानुनले स्थापित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पालना गर्न, गराउन साथै गल्ती सच्याउने आमसञ्चार माध्यमको प्रतिबद्धतालाई सम्मान गर्नेतर्फ काउन्सिल सदैव सचेत एवं क्रियाशील छ', विज्ञप्तिमा भनिएको छ ।

काउन्सिलले सामाजिक सद्भाव बिगार्ने, घृणा तथा द्वेष फैलाउने र वैयक्तिक गोपनीयता प्रतिकूल सामग्री सम्प्रेषण नगर्न र नगराउन सञ्चार माध्यम, आम पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्ता लगायत सम्बद्ध सम्पूर्ण पक्षको गम्भीर ध्यानाकर्षण समेत गराएको छ ।

# मेची आँखा अस्पतालमा कानको उपचार सेवा सुरु



बिर्तामोड (प्रस) । झापाको बिर्तामोड ३ सैनिकमोडस्थित मेची आँखा अस्पतालमा कानको पनि उपचार सेवा सुरु भएको छ । समुदायद्वारा सञ्चालित यस अस्पतालमा सोमबारबाट कानको उपचार सेवा सुचारु भएको हो । एक कार्यक्रमकाबिच बिर्तामोड नगरपालिकाकी नगरप्रमुख पवित्रा महतारा प्रसाईंले सेवाको शुभारम्भ गरिन् ।

मेची आँखा अस्पतालले बिर्तामोडमा लामो समयदेखि आँखाका बिरामीलाई सेवा दिँदै आएको छ । बिरामीको सुविधाका लागि आँखा अस्पतालभित्रै कानको उपचार सेवा थप गरिएको अस्पताल सञ्चालक समितिका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । अस्पतालबाट न्यूनतम शुल्कमा गुणस्तरीय सेवा प्रदान गरिने उनले बताए । आँखा र कानको उपचार सम्बन्धित रोग भएको हुनाले कानको उपचार सेवा थप गरिएको अस्पतालका सचिव गणेश पोखरेलको भनाई छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पुरुषोत्तम जोशीले प्रत्येक १ हजार जनामा ८२ जनाको आँखामा समस्या आउने गरेको बताए । त्यसैगरी १ हजार जनामा ५२ जनामा कानको समस्या रहने गरेको बताए । यसअघि कानको उपचारका लागि आउने बिरामीलाई अन्यत्र रेफर गर्नु पर्ने अस्पतालको बाध्यता थियो ।

दक्ष जनशक्तिको संलग्नतामा सुरु गरिएको कानको उपचार सेवाबाट बिरामीले लाभ लिन सक्ने डा. जोशी बताउँछन् ।

# आकर्षण बढेन प्रधानमन्त्री रोजगार कार्यक्रममा

झापा(प्रस) । वैदेशिक रोजगारीको विकल्पमा सञ्चालन गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमको एक सय दिनको रोजगारीले युवालाई आकर्षण गर्न सकेको छैन । चालु आर्थिक वर्ष २०८१/८२ का लागि आआफ्नो पालिकामा बेरोजगारी सूचीमा सूचीकृत सात लाख ९७ हजार ७२५ जनामा साउनदेखि मंसिरसम्म जम्मा ४८७ जना रोजगारीमा संलग्न भएका छन् । चालु आवमा देशभरबाट सूचीकृतमध्येबाट ६० हजारलाई मात्रै न्यूनतम एक सय दिनको रोजगारी दिने हुँदा पाइने ग्यारेन्टी नहुने र पाइहाले पनि छोटो अवधिको हुने भएकाले यो कार्यक्रमले युवालाई आकर्षित गर्न नसकेको हो ।




सरकारले पटक पटक सुधारको घोषणा गरे पनि यो कार्यक्रमले अपेक्षित रूपमा रोजगारी सिर्जना गर्न नसकेको पछिल्लो चार महिनामा रोजगारीमा संग्लन भएको संख्याले नै पुष्टि गर्छ । सरकारी अधिकारीको भनाइले अझ त्यसलाई बल पुऱ्याएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहप्रवक्ता बसन्तबहादुर बोहोराले यस पटक ४६८ वटा पालिकामा कार्यस्थलमा आधारित ५० दिने तालिम सञ्चालन भइरहेकाले पनि हाल प्रगति कम देखिएको जानकारी दिए । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवमा लिएको लक्ष्यको ५० प्रतिशतले फागुनसम्म रोजगारीमा संग्लन हुने दाबी उनले गरे । उनका अनुसार हाल धेरै जसो पालिकामा आयोजना छनोटको काम भइरहेको छ । बेरोजगारलाई तालिमसहित न्यूनतम रोजगारी दिने उद्देश्यले २०७५ फागुन १ गतेदेखि सुरु भएको यस कार्यक्रमका लागि यस पटक ६० हजारलाई न्यूनतम एक सय दिनको रोजगारी दिने लक्ष्य रहेको छ । मन्त्रालयका अनुसार यो कार्यक्रमका लागि छ अर्ब नौ करोड ४५ लाख रुपियाँ विनियोजन गरेको छ । पहिलो चार महिना (साउन-मङ्सिर ७ गते) सम्म छ करोड ७३ लाख, ३० हजार ९१६ मात्रै खर्च भएको छ । सरकारले यस वर्ष विपत्बाट प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनामा पनि कार्यक्रमको बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

# प्लास्टिकजन्य फोहोर नजलाउन वातावरण विभागको आग्रह

झापा(प्रस) । वायु प्रदूषण बढेको पाइएपछि वातावरण विभागले ठोस तथा प्लास्टिकजन्य फोहोर नजलाउन आग्रह गरेको छ ।

हिउँदयाम लागेपछि क्रमशः वायु प्रदूषण बढ्दै गएको पाइएपछि विभागले त्यस्तो प्रदूषण नियन्त्रणका लागि आग्रह गरेको हो । विगत केही हप्तादेखि नेपालको तराई क्षेत्रलगायत काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको पाइएको हो ।

विभागका अनुसार, वायु प्रदूषणको मुख्य कारणको रुपमा उद्योग कलकारखाना र सवारी साधनबाट निकाष्सन हुने धुवाँ, वन डढेलो, खुला रुपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माणस्थलबाट उड्ने धुलो आदि हुन् ।


वायु गुणस्तर सूचकाङ्क शून्यदेखि ५० हुँदा राम्रो, ५१ देखि एक सयसम्म मध्यम, एक सय एकदेखि एक सय ५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ मानिन्छ । एक सय ५१ देखि दुई सयसम्म अस्वस्थ, दुई सय एकदेखि तीन सयसम्म निकै अस्वस्थ तथा तीन सय एकभन्दा माथि भएमा खतरनाक तह पुगेको सङ्केत गरिन्छ ।वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्छ । विशेष गरी बालबालिका, वृद्धवृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवती महिलालाई बढी प्रभाव पार्ने भएकाले विशेष सावधानी अपनाउन विभागले अनुरोध गरेको छ ।

विभागले ठोस तथा प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेष नजलाउन, सवारीसाधनको नियमित मर्मत सम्भार गर्न, उद्योग कलकारखाना तथा भान्छामा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माण स्थलहरुबाट उड्ने धूवाँ धुलोको यथोचित नियन्त्रण गर्न अनुरोध गरेको छ । विभागले देशभरका स्टेशनहरुमार्फत वायु प्रदूषण मापन गर्दै आएको छ ।

# अनुत्तीर्णलाई माथिल्लो अवसर

झापा(प्रस) । पर्याप्त पेसागत सिप भए पनि शैक्षिक योग्यताका कारण माथिल्लो तहको रोजगारीमा जान नपाएका वा शैक्षिक संस्थामा पढाइका लागि भर्ना हुन नपाएका व्यक्तिलाई बाटो खुलाउने कानुनी व्यवस्था गर्न लागिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा यो प्रक्रिया अघि बढाएको छ। यो व्यवस्था कार्यान्वयनमा आएपछि थोरै कक्षा पढेको तर उक्त शैक्षिक योग्यताभन्दा माथिको तह बराबरको पेसागत सिप हासिल गरेको व्यक्तिले सोही तह बराबरको रोजगारीमा जान पाउने छन् । साथै त्यस्ता व्यक्तिले सिधै विद्यालय, प्राविधिक विद्यालय वा विश्वविद्यालय तहमा भर्ना भएर पढ्न पाउने मन्त्रालयले जनाएको छ ।



राष्ट्रिय योग्यता प्रारूप (एनक्युएफ) नाम दिइएको यो अवधारणालाई कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक परामर्श तथा छलफल गरिरहेको छ। यो प्रारूपलाई २०७७ सालमै मन्त्रिपरिषद्ले पारित गरेको भए पनि हालसम्म कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

"उदाहरणका लागि माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेर कक्षा ११ र १२ नपढेको तर लामो समयसम्म कुनै पेसामा लागेर हासिल गरेको पेसागत दक्षता स्नातक तह बराबर रहेको प्रमाणित भएमा उक्त व्यक्तिले स्नातक तहमै भर्ना भएर पढ्न पाउँछ," मन्त्रालयका सहसचिव अणप्रसाद न्यौपानेले भने, "उसको पेसागत दक्षता प्रमाणित भएपछि शैक्षिक योग्यता नभए पनि माथिल्लो तहको रोजगारीमा जान पनि पाउँछ। यो व्यवस्थाले पढाइलाई भन्दा कामलाई प्राथमिकता दिएर अघि बढेका नागरिकलाई लाभान्वित गराउने पनि सहसचिव न्यौपानेले बताए ।

# चार अर्ब त्रिहत्तर करोड कर फिर्ता

झापा(प्रस) । सरकारले गत आर्थिक वर्ष २०७९/८० मा चार अर्ब ७३ करोड रुपियाँ कर फिर्ता गरेको छ। गत आवमा सङ्कलित करमध्ये विभिन्न कूटनीतिक निकाय र करदातालाई सो बराबरको कर फिर्ता गरिएको आन्तरिक राजस्व विभागले जनाएको छ ।

विभागका अनुसार गत आवमा कर फिर्ताका लागि कूटनीतिक निकाय तथा करदाताबाट १८ अर्ब ५८ करोड रुपियाँको दाबी परेको थियो । जसमध्ये चार अर्ब ७३ करोड रुपियाँ कर मात्रै फिर्ता भएको विभागले जनाएको छ ।

विभागले खास गरी कूटनीतिक नियोग र करदाताबाट मूल्य अभिवृद्धि कर फिर्ताको दाबीमाथि अनुसन्धान गरी रित पुगेकालाई मात्र कानुनमा व्यवस्था गरिएबमोजिम कर फिर्ता गर्दै आएको छ। सरकारले कूटनीतिक निकाय, निकासी, क्रेडिटलगायतका आधारमा कर छुटको सुविधा उपलब्ध गराउँदै आएको छ।




विभागका अनुसार गत आवमा कूटनीतिक नियोग, कूटनीतिज्ञ एवं विभिन्न कूटनीतिक एजेन्सीले ७४ करोड २१ लाख कर फिर्ता दाबी गरेका थिए । जसमध्ये विभागले नियम अनुसार दाबी गरिएका ६७ करोड ३४ लाख रुपियाँ कर फिर्ता गरेको जनाएको छ। यसमध्ये पनि कूटनीतिक नियोग एवं कूटनीतिज्ञलाई १६ करोड ६२ लाख र कुटनीतिक एजेन्सी र परियोजनालाई ५० करोड ७८ लाख रुपियाँ कर फिर्ता गरेको हो ।

विभाग अन्तर्गतका कार्यालयमा करदाताबाट दाबी गरिएको १७ अर्ब ८४ करोड कर फिर्तामध्ये चार अर्ब नौ करोड रुपियाँ मात्र फिर्ता गरिएको विभागले जनाएको छ ।

विभागले लगातार क्रेडिटका आधारमा, निर्यातका आधारमा तथा परियोजनालाई कर फिर्ता सुविधा उपलब्ध गराउँदै आएको छ । यसमध्ये पनि लगातार क्रेडिट तथा निर्यातकर्तालाई चार अर्ब पाँच करोड रुपियाँ कर फिर्ता भएको छ ।

आव २०७९/८० को तुलनामा कर फिर्ता रकम बढेको देखिन्छ । विभागले यस आवमा चार अर्ब ५८ करोड रुपियाँ कर फिर्ता गरेको थियो । यस आधारमा गत आवमा १५ करोड रुपियाँ बढी कर फिर्ता भएको देखिन्छ ।

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

झापा(प्रस) । उपनिर्वाचनका क्रममा आइपर्ने समस्या तत्काल समाधान गर्ने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरिएको छ ।

आयोगका सचिव रविलाल पन्थको संयोजकत्वमा सञ्चालित केन्द्रबाट आयोगका निर्णयको कार्यान्वयन अवस्था, आचारसंहिताको पालना र उल्लङ्घनका विषयमा परेका उजुरी एवम् प्राप्त जानकारी र निर्वाचन व्यवस्थापनका विभिन्न पक्षबारे नियमित रूपमा जानकारी लिई तत्कालै समस्या समाधान गरिने जनाइएको छ । निर्वाचन परिणाम घोषणा नभएसम्म केन्द्र सञ्चालनमा आउने आयोगका प्रवक्ता निता पोखेल अर्यालले जानकारी दिइन् ।



आयोगका सहसचिव नारायणप्रसाद सापकोटा, गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारी, नेपाली सेनाका महासेनानी सुवास खड्का, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक नरेशबहादुर शाह, नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिग विजय सुवेदी तथा आयोगका उपसचिवद्वय दुर्गाप्रसाद चालिसे र डा. थानेश्वर भुसाल केन्द्रको सदस्य रहेका छन् । यही मङ्सिर १६ गते आइतबार स्थानीय तहका रिक्त ४४ पदमा निर्वाचन हुँदैछ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** – ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृष** – महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** – आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** – नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** – आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** – मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** – आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** – सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ

**धनु** – आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** – घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** – राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मीन** – व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।